घरपफोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## घरपफ्रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ६४औं बैठकको निर्णयहरु

मिति २०८३।०४।१७

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८३।४।१ गते बसेको गाउँ कार्यपालिकाको ६३औं बैठकको समिक्षा गरियो । उक्त बैठकमा १७ वटा निर्णयहरु भएकोमा सबै निर्णयहरु गाउँपालिकाको नियमित कार्यसम्पादन विषयहरुसंग सम्बन्धित निर्णयहरु भएकोले निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

गत आ.ब. को योजनाहरुको भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गाउँपालिकाको गत आ.ब. २०८२।८३ को स्वीकृत तपसिल बमोजिमका पूर्वाधारका योजनाहरु निर्माण सम्पन्न भई अन्तिम भुक्तानी हुन नसकेको साथै विभिन्न कारणले गर्दा समय भित्र कार्यान्वयन भई अन्तिम सम्पन्न हुन नसकेका योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गराई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजन बजेट | कैफियत |
|---|---|---|---|
| १ | घट्टेखेला देखि सामाग्री सम्म सडक बत्ती जडान गर्ने कार्य र मार्फा सडक बत्ती योजना, घरपफ्रोङ गा.पा. २, मार्फा | ३९,००,०००।- | |
| २ | घरपफ्रोङ परिचय तथा पर्यटन प्रवर्द्धन विषयक कबिता गोष्ठी सञ्चालन | ५,००,०००।- | |
| ३ | भलपानी तथा ढल निकास, घरपफ्रोङ गा.पा.३, पुथाङ एक्लेभट्टी | १३,५६,६३८।- | |
| ४ | छेकोङ साउनाबाथमा फर्निचर खरिद | १,००,०००।- | |
| ५ | जोमसोम गेट तथा पार्क निर्माण, घरपफ्रोङ गा.पा.४, जोमसोम | १५,००,०००।- | |
| ६ | छैरो छहरा गुम्बा मर्मत, घरपफ्रोङ गा.पा.१, छैरो | १०,००,०००।- | |

**प्रस्ताव नं. ३ :-**

न्यायिक सहजकर्ता सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.१६ मिति २०८३।४।५ को प्राप्त पत्रको सम्बन्धमा छलफल हुँदा यस घरपफ्रोङ गाउँपालिका न्यायिक समिति र गाउँपालिकाको न्यायिक/कानूनी कार्यको समन्वय तथा कार्यान्वयन गर्नका लागि १ जना न्यायिक सहजकर्ता छनौट गरी पठाई दिनका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै गण्डकी प्रदेश स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ को दफा १०(३) बमोजिम यस गाउँपालिकाको तर्फबाट पारिश्रमिक लागतको २० प्रतिशत रकम साझेदारी व्यहोर्ने प्रतिवद्धता दिने समेत सर्वसम्मत निर्णय गरियो ।

०८३/०४/१८

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ :-**

उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) र सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP) सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको १) उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) र २) सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

Backhoe Loader सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको ब्याकहु लोडर (Backhoe Loader) सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

वातावरण तथा जलवायु परिवर्तन सम्मेलन र अध्यक्ष कप खेलकुद कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रममा प्रस्ताव भएको तपसिल बमोजिमका कार्यक्रमहरु निम्नानुसारको मिति र स्थानमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | कार्यक्रमको नाम/विवरण | स्थान | सञ्चालन गर्ने मिति | कैफियत |
|---|---|---|---|---|
| १ | वातावरण तथा जलवायु परिवर्तन सम्मेलन सञ्चालन गर्ने | जोमसोम | २०८३ साल भाद्र ३० र ३१ गते | |
| २ | अध्यक्ष कप खेलकुद कार्यक्रम | जोमसोम | २०८३ साल भाद्र २७ र २८ गते | |

**प्रस्ताव नं. ८ :-**

स्याङ पर्यटन पूर्वाधार निर्माण योजना (प्रतिक्षालय नजिक ॐ तयार गर्ने) सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

चालु आ.ब. को स्वीकृत कार्यक्रम : स्याङ पर्यटन पूर्वाधार निर्माण योजना (प्रतिक्षालय नजिक ॐ तयार गर्ने) योजनाको लागि रु.२०,००,०००।- विनियोजन भएको रकमबाट उक्त योजना कार्यान्वयन

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

गर्ने सम्बन्धमा छलफल हुँदा ॐ अक्षेर तयार गर्ने र ॐ अक्षेर संरक्षणको लागि पूर्वाधार तयार गर्ने छुट्टाछुट्टै प्रकृतिको भएकोले योजना कार्यान्वयनमा सहजता ल्याउनका लागि अझै प्रष्ट गर्ने सम्बन्धमा ॐ अक्षेर तयार गर्नका लागि रु.१०,००,०००।- (दस लाख) र उक्त ॐ अक्षेरलाई राख्नका लागि पूर्वाधार तयार गर्न रु.१०,००,०००।- (दस लाख) गरी दुई वटा योजना/कार्यक्रम बनाई सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

धौलागिरी बोर्डिङ्ग स्कुलको भवनको सम्झौता सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस घरपझोङ गाउँपालिका ४ नं. वडामा अवस्थित धौलागिरी बोर्डिङ्ग स्कुलको भवनको सम्झौताको सम्बन्धमा छलफल हुँदा उक्त विद्यालयले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानलाई मध्येनजर गर्दै विद्यालय सँग यस अघी भएको सम्झौता बमोजिम र शर्त अनुसार मासिक भाडा तिर्ने गरी उक्त सम्झौता आगामी ५ बर्षको लागि म्याद थप गरी निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

सामुदायिक विद्यालयहरुमा ई-हाजिरी राख्ने सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु, ECD हरु र जोमसोम स्थित गाउँपालिकाको पर्यटन सूचना केन्द्रमा कार्यरत कर्मचारीहरुका लागि ई-हाजिरी मेसिन जडान गरी गाउँपालिकामा ई-हाजिरी access राख्ने सर्वसम्मत निर्णय गरियो । ई-हाजिरी व्यवस्थापन गर्न लाग्ने खर्च चालु आ.ब. को सुशान तथा संस्थागत विकास समिति तर्फको गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरु र स्वास्थ्य संस्थाका विद्युतिय हाजिर सूचना प्रविधि विभागको सर्भरमा लिंक गर्ने शिर्षकमा विनियोजन भएको बजेटबाट गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

पर्यटन सूचना केन्द्र सञ्चालन सम्बन्धमा

**निर्णय नं. ११ :-**

गाउँपालिकाको स्वामित्वयमा जोमसोम कालीगण्डकी नदीको पक्की मोटरेबल पुल जनिक रहेको पर्यटन सूचना केन्द्रलाई नियमित रुपमा सञ्चालन गर्ने कार्यको व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

१) संयोजक श्री केदार सिंह थापा, अधिकृत

२) सदस्य श्री शर्मिला श्रीस, रोजगार संयोजक

३) सदस्य श्री देवी विश्वकर्मा, उद्यम विकास सहजकर्ता

**प्राविधिक, सूरक्षा तथा अन्य सहयोगका लागि**

१) श्री सुजिता थकाली, सूचना प्रविधि अधिकृत

०८२/०४/१८

...कीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

२) श्री कर्ण बहादुर थकाली, सि.अ.हे.व. अधिकृत
३) श्री सविना थकाली, जिन्सी शाखा
४) श्री साजन वि.क. नगर प्रहरी जवान
५) श्री समिक्षा परियार, कार्यालय सहयोगी

**प्रस्ताव नं. १२ :-**
डोजर (Backhoe Loader) ड्राईभर करार/ज्यादारीमा राख्ने सम्बन्धमा ।
**निर्णय नं. १२ :-**
गाउँपालिकाले खरिद गरेको Backhoe Loader यस बर्षको बर्षाले पुऱ्याउने क्षतिको व्यवस्थापनमा सञ्चालन गर्नका लागि १ जना अनुभवी डोजर (Backhoe Loader) ड्राईभर नियुक्ति गर्नुपर्ने भएको हुँदा, ३ (तिन) महिनाको लागि करार वा ज्यालादारीमा ड्राईभर राख्नका लागि आवश्यक प्रकृया तुरुन्तै अघी बढाई व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**
ई-रिक्सा सञ्चालनको लागि अनुदान सम्बन्धमा ।
**निर्णय नं. १३ :-**
यस गाउँपालिका ३ नं. वडा स्याङ निवासी श्री विष्णु विश्वकर्माले यस गाउँपालिकाको सहयोगमा सञ्चालन भएको ई-रिक्सा सवारी चालकको तालिम सफलता पूर्वक सम्पन्न गरी ई-रिक्सा सवारी चालकको अनुमति पत्र (लाईसेन्स) प्राप्त गरेको र निज दलित समुदायको महिला समेत भएको हुँदा र निजले ई-रिक्सा सञ्चालन गरी आय आर्जनको लागि व्यवसायीको रुपमा ई-रिक्सा सञ्चालन गर्न ईच्छा प्रकट गरी मिति २०८३।२।५ गतको निवेदन साथ च.नं.५०० मिति २०८३।२।५ को ३ नं. वडा कार्यालयको सिफारिस संलग्न राखी निवेदन पेश गरेको हुँदा र उक्त विषय उपर छलफल हुँदा निजले खरिद गरी ई-रिक्सा व्यवसायी सञ्चालन गरेको अवस्थामा ई-रिक्साको मुल्यमा ५० प्रतिशत अनुदान दिने सर्वसम्मत निर्णय गरियो । साथै उक्त अनुदान रकम गाउँपालिकाको चालु आ.ब. को स्थानीय जनता संगको साझेदारी कार्यक्रम वा अन्य सम्बन्धित शिर्षकबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**
घरपझोङ गाउँपालिकालाई पर्यटकिय नगरपालिका घोषणा सम्बन्धमा ।
**निर्णय नं. १४ :-**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ मा व्यवस्था भएको नगरपालिका वर्गीकरणका आधारहरु मध्ये जनसंख्या बाहेक धेरै आधारहरु पूरा हुने देखिएको र यस घरपझोङ गाउँपालिका मुस्ताङ जिल्लाको सदरमुकाममा अवस्थित रहेको हुँदा भौतिक पूर्वाधार विकास तर्फ राम्रो काम भएको साथै गाउँपालिकाले पर्यटन प्रवर्द्धन क्षेत्र विकासका लागि सम्पन्न गरेका विभिन्न कृयाकलापहरुका साथै सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमहरुका कारण आन्तरिक र बाह्य पर्यटकहरुको बसाई तथा घुम्नफिर गर्ने अवधिकामा उल्लेख्य बृद्धि भएको पाईएको छ । यस गाउँपालिकामा रहेका

०८३।०४।१९
... प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

स्याउँबारी, ऐतिहासिक गुम्बाहरु, स्थानीय जनसमुदायका कला तथा सांस्कृतिक संरक्षण, प्राकृतिक सौन्दर्य लगायत यस गाउँपालिकामा रहेका तालतलैया, हिमाल र स्वच्छ हावापानी जस्ता महत्वपूर्ण आधारहरुका कारण पर्यटन क्षेत्रमा अझै विकास गर्ने प्रचुर सम्भावना रहेको छ । यस घरपझोङ गाउँपालिकालाई पर्यटकीय नगरपालिकाको रुपमा घोषणा हुन सकेको खण्डमा नमुनाको रुपमा हिमाली पर्यटकीय नगरपालिका मार्फत अन्तराष्ट्रिय रुपमा समेत चिनाउन सकिने प्रवल सम्भावना रहेकोले पर्यटकीय नगरपालिका घोषणाका लागि आवश्यक प्रकृया तथा पहल अघी बढाई दिनका लागि जिल्ला समन्वय समिति, मुस्ताङमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

जनकल्याण क्लवको आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस घरपझोङ गाउँपालिका ३ नं. वडा स्याङको ऐतिहासिक थाक स्याङ गाउँमा परापूर्वकाल देखि उत्सवको वातावरणमा मनाउदै आएको खिल्हा मेला (याक नाच) सांस्कृतिक मेला यस बर्ष भाद्र महिनामा मनाउने कार्यक्रम रहेको र उक्त मेलालाई व्यवस्थापन गर्ने जिम्मा स्याङ गाउँको श्री जन कल्याण क्लबको रहेको र उक्त खिल्हा मेला व्यवस्थापन गर्नका लागि रु.१६,००,०००।- को आर्थिक प्रस्ताव पेश गरी आर्थिक सहयोगका लागि क्लबको च.नं.३९ मिति २०८३।४।११ को पत्रबाट अनुरोध भएको हुँदा पेश भएको शिर्षकहरु मध्ये मेलामा सहभागी जलपान खर्च शिर्षकको खर्चमा गाउँपालिकाको विभिन्न संघसंस्थाहरुलाई सहयोग शिर्षकबाट खर्च लेख्ने गरी रु.१,००,०००।- आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

चालु आ.ब. २०८३।८४ मा नेपाल सरकारले तोकेको बेरोजगारहरुको लागि न्यूनतम् पारिश्रमिक नघट्ने गरी र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटमा नबढ्ने गरी पारिश्रमिक निर्धारण गर्नुपर्ने हुँदा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तर्फका योजनामा खटिने अदक्ष कामदारलाई प्रतिदिन रु.८००।- प्रति व्यक्तिको दर ज्याला निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो । साथै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस चालु आर्थिक बर्षमा सशर्त बजेट र गाउँपालिकाबाट विनियोजन भएको बजेटको आधारमा वडाहरुबाट हाल सम्म प्राप्त तपसिल बमोजिमका योजनाहरुलाई बजेटको परिधि भित्र रहेर प्राथमिकताको आधारमा सञ्चालन गर्ने स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| वडा नं. | क्र.सं. | कार्यक्रम तथा योजनाको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | १ | छैरो खेलकुद मैदान संरक्षणका लागि थप संरचना निर्माण | | |
| | २ | छैरो पार्कमा बगैचा तथा अन्य पूर्वाधार निर्माण | | |
| | ३ | छैरो गुम्बामा सरसफाई तथा फोहरमैला व्यवस्थापन | | |
| २ | १ | मार्फा सिंचाई मर्मत योजना | | |

०८३।०४।१८

प्रमुख प्रशासकीय अधिकृत

सोहन सिंह लालचन
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | २ | एप्पल पार्कमा गमला निर्माण योजना | | |
| | ३ | प्रागुम्बा जाने पदमार्ग निर्माण योजना | | |
| | ४ | प्रागुम्बा देखि जनवाल माध्यमिक विद्यालय सम्म पदमार्ग निर्माण योजना | | |
| ३ | १ | कृषि सडक स्तरोन्नती र सरसफाई | | |
| | २ | भलपानी खोल्सीहरु सफा गर्ने | | |
| | ३ | धचिमा ग्याबिन भर्ने | | |
| | ४ | पुल्चोक जाने बाटोमा ग्याबिन भर्ने र माटो फिलिङ गर्ने | | |
| | ५ | ई.सी.डी. प्राङ्गणमा ढलान अपुरो काम पुरा गर्ने | | |

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम साथै गाउँपालिकाको साझेदारी तर्फको बजेट अन्तर्गत स्वीकृत योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरुको खरिद कार्यलाई व्यवस्थित गर्न तपसिल बमोजिम खरिद समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१) सदस्य श्री प्रदिप थकाली, ५ नं. वडा अध्यक्ष

२) सदस्य श्री सन्देश थकाली, सव-ईन्जिनियर

३) सदस्य सचिव श्री शर्मिला श्रीस, रोजगार संयोजक

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष